नेपाली / *NEPALI*

**लागि: विद्यार्थी, संकाय तथा कर्मचारीहरू**

**बाट: Robert Cramer, अर्थ तथा प्रशासनका उपकुलपति**

**विषय: अपडेट: क्याम्पस भवनहरूलाई शीतल बनाउने समस्याहरूका बारेमा महत्त्वपूर्ण विवरणहरू**

**मिति: जुन २८, २०२६**

**सामान्य प्रश्नहरू**

**क्याम्पसमा किन शीतल बनाउने प्रणाली (*air conditioning*) छैन ?**

क्याम्पसमा प्रयोग हुने तीनवटा न्यानो र शीतल बनाउने प्रणाली बनाउने मध्ये एउटाको चिसो पानी लग्ने पाइपमा ठूलो क्षति पुगेको छ। चिसो पानीले क्याम्पसमा शीतलता (*air conditioning*) प्रदान गर्दछ।

**क्याम्पसले शीतलता प्रदान गर्ने क्षमतालाई कसरी फेरि बनाउन प्रयास गर्दैछ ?**

छोटो समयमा, *UW* का टोलीहरू लगभग ३० वटा अस्थायी चिसो बनाउने यन्त्र (*chillers*) हरूलाई क्याम्पस भरि राख्ने प्रक्रियामा छन्। तर नयाँ स्थायी चिसो पानी लग्ने पाइप नजोडिएसम्म हाम्रो सामान्य शीतलता प्रदान गर्ने क्षमतामा अझै पनि कमी हुनेछन्।

**के क्याम्पस खुला छ र सामान्यतया चल्दैछ ?**

छ तर केही परिचालनहरू मिलाईदैछ। धेरै भवनहरू शीतल हुनेछैनन् र अस्थायी रूपमा सर्वसाधारणका लागि बन्द गरिनेछ। दीर्घकालीन समाधान पूरा नभएसम्म अरू भवनहरूमा सीमित शीतलता हुनेछ र सामान्य अवस्था भन्दा गर्मी हुनेछ।

**विद्यार्थी प्रश्नहरू**

**के मेरा गर्मी महिनाका कक्षाहरू सारिंदै छन् ?**

असरमा परेका भवनहरूमा कक्षा भएका विद्यार्थीहरूले आफ्ना शिक्षकबाट कक्षाहरू सारिएका छ या छैनन् भन्ने बारे सन्देश पाउनेछन्।

**यदि मेरा कक्षाहरू सारिंदै छैनन् र स्वास्थ्यका कारण म गर्मी भवनमा रहन सक्दिनँ भने मैले के गर्न सक्छु ?**

आफ्नो शिक्षकलाई सम्पर्क गर्नुहोला। स्वास्थ्य समस्या हुने विद्यार्थीहरूलाई उपयुक्त तरिकाहरू प्रदान गर्नका लागि शिक्षकहरूलाई सोधिएको छ।

**क्याम्पस भ्रमण**

**यस गर्मी मौसममा म *UW–Madison* भ्रमण गर्ने योजना बनाउँदैछु। के *SOAR*, क्याम्पस भ्रमण अनि *Office of Admissions and Recruitment* का कार्यक्रम जस्ता गतिविधिहरू अझै चल्दैछन्?**

छन्। क्याम्पस सामान्य परिचालनका लागि खुला छ। कुनै पनि बदलहरू भएमा कार्यक्रमका सहभागीहरूलाई खबर गरिनेछ।

**के *Memorial Union* र *Union* South अझै खुला छन्?**

छन् तर *Memorial Union* को खानपान सेवाहरू सामान्यतया भन्दा अझै सीमित हुन सक्नेछन्। यस समयमा *Union South* का सबै खानाका परिचालनहरू बदलिएका छैनन्। क्याम्पसका खानाका विकल्पहरूका बारेमा थप जानकारीका लागि, union.wisc.edu/dine वेबसाईट हेर्नुहोला।

**मेरो कार्यक्रमको बारेमा थप जानकारी मैले कहाँ पाउन सक्छु?**

कुनै बदलको सम्भावनाको बारेमा थाहा पाउन तपाईंको कार्यक्रमको वेबसाईट हेर्नुहोला वा आयोजकलाई सम्पर्क गर्नुहोला।

**भवनका प्रश्नहरू**

**मेरा भवनहरू किन तातो छन्?**

धेरै भवनहरू सीमित शीतलताका साथ परिचालन हुनेछन्। प्राथमिक क्षेत्रहरूमा शीतलता पुऱ्याउन यसो गरिँदैछ। अरू भवनहरूमा शीतलता अस्थायी रूपमा बन्द गरिनेछ। फेरि पनि, यो कदम प्राथमिक क्षेत्रहरूमा शीतलता पुऱ्याउनका लागि चालिँदैछ।

**शीतलता बन्द गरिएका भवनहरूमा के सामान्य तरिकाले चलाइन सकिन्छ?**

सकिँदैन। यी भवनहरू सोमवारको अन्त्यमा सर्वसाधारणका लागि बन्द गरिनेछ। म्यानेजर वा सुपरभाईजरले अनुमति नदिएसम्म, बन्द भएका भवनहरूमा काम गर्ने ठाउँ हुने कर्मचारीहरूले वैकल्पिक कामको व्यवस्थापन मिलाउन, जसमा अस्थायी रूपमा घरमा काम गर्ने कुराहरू समावेश छन्, आफ्नो म्यानेजर वा सुपरभाईजरसँग कुराकानी गर्नुहोला। कृपया क्याम्पसलाई जुन २८ तारिखमा पठाइएको सन्देश हेर्नुहोला।

**के बन्द गरिएका भवनहरू यस अवधिमा सुरक्षित राखिनेछ?**

राखिनेछ, असर परेका भवनहरूलाई ताला लगाइनेछ अनि यी परिसरहरूमा *UWPD* ले थप निगरानी राख्नेछन्।

**बन्द गरिएको भवनमा मेरो कार्यक्रम छ भने के हुन्छ?**

यदि प्रश्नहरू छन् वा मार्गदर्शन आवश्यक छ भने, कृपया आफ्नो सुपरभाईजर वा भवन म्यानेजरलाई सम्पर्क गर्नुहोला। समर्थनका लागि *Campus Events Services Office* कार्यालयलाई पनि सम्पर्क गर्न सक्नुहुन्छ, तर, कृपया ध्यान दिनुहोला कि सबै क्याम्पस परिसरहरूमा केही हदसम्मको असर परेको हुनसक्छ र कार्यक्रमहरू सार्न नमिल्ने हुन सक्छ।

**कुनै सेवा सम्भवत: असर परेका छन् भने मैले के गर्न सक्छु ?**

मार्गदर्शनको लागि तपाईंको डीन वा निर्देशकलाई सम्पर्क गर्नुहोला। तपाईंको बदलहरूको जानकारी आफ्नो वेबसाइटमा प्रकाशन गर्नुभएर आफ्ना मुख्य सरोकारवालाहरूलाई खबर गर्नुहोला।

**के क्याम्पसका चाइल्डकेयर परिसरहरूमा असर परेका छन् ?**

छैनन्।

**के क्याम्पस र युवाका कार्यक्रमहरूमा असर परेका छन् ?**

युवाका कार्यक्रमहरूलाई क्याम्पसमा शीतलता प्रदान गर्ने प्राथमिकताको रूपमा पहिचान गरिएको छ। कुनै पनि बदलहरूको बारेमा सीधै खबर कार्यक्रम संयोजकहरूले गर्नुहुनेछ।

**के *UW Hospital* वा *UW Health* का क्लिनिकहरूमा असर परेका छन् ?**

छैनन्। बिरामी स्याहारका लागि सामान्य शीतलताको स्तर प्रदान गरिनेछ।

**कर्मचारी प्रश्नहरू**

**सर्वसाधारणका लागि अस्थायी रूपमा बन्द भवन वा कार्यालयबाट के मैले व्यक्तिगत र व्यवसायका सामानहरू लिएर आउन सक्छु ?**

सक्नुहुन्छ। सोमवार, जुन २९ तारिखमा भवनहरू नियमित समयका लागि खुला हुनेछन् र दिनको अन्त्यमा सर्वसाधारणका लागि बन्द गरिएर ताला लगाइनेछ।

यदि तपाईंले आफ्नो सामान सोमवार लिएर जान सक्नुभएन भने, कहिले लिन जानुहुन्छ कृपया आफ्नो सुपरभाईजरलाई खबर गर्नुहोला। तपाईंको *UW* को कार्ड वा चाबीले आफ्नो काम गर्ने ठाउँ जानुभएर आफ्ना सामान लिएर जानुहोला।

यदि तपाईंले आफ्नो काम गर्ने ठाउँमा प्रायजसो राति जान सक्नुहुँदैन भने, कृपया उपयुक्त व्यवस्थापनका लागि आफ्नो सुपरभाईजरसँग कुराकानी गर्नुहोला।

**यदि मलाई बेग्लै काम गर्ने ठाउँमा सारिँदैछ भने, मैले कहाँ पार्किङ्ग गर्नुपर्छ ?**

पार्किङ्ग पर्मिट हुने सारिएका कर्मचारीहरूले अस्थायी व्यवस्थापनका लागि *Transportation Services* लाई सम्पर्क गर्न सक्नुहुनेछ।

**मेरो काम गर्ने ठाउँ वा अवस्थाको बारेमा थप जानकारी मैले कहाँ पाउन सक्छु ?**

सबै कर्मचारीहरूलाई जुन २८ तारिखमा पठाइएको सन्देश हेर्नुहोला। यदि तपाईंको प्रश्नहरूको जवाफ पाउनुभएको छैन भने, तपाईंको सुपरभाईजर वा *HR* प्रतिनिधिलाई सम्पर्क गर्नुहोला।

###